Government of South Australia
Department for Education

**Office of the Chief Executive**
31 Flinders Street
Adelaide SA 5000
GPO Box 1152
Adelaide SA 5001
DX 541

www.education.sa.gov.au

प्रिय अभिभावकगण तथा हेरचाहकर्ताज्यु,

कोविड-१९ ले व्यक्ति, परिवार र समुदायहरुमा सबै प्रकारका चुनौतीहरू ल्याएको छ।

हामी गर्व गर्दछौं कि हाम्रा शिक्षकहरू र सहयोगी कर्मचारीहरूले यसलाई सम्हालेका छन्। उनीहरू समुदायका सदस्य भएका हैसियतले चिन्तामा परेका भए पनि उनीहरूले आफ्ना बिद्यार्थीहरूको शिक्षालाई महत्वपुर्ण अग्रस्थान दिएका छन्।

स्कूल र पुर्वस्कूलहरू अत्यावश्यक सेवा हुन्। अस्ट्रेलिया भरीका वरिष्ठ स्वास्थ्य विशेषज्ञहरूको सार्वजनिक सल्लाह अनुसार तिनीहरू अझै पनि खुला रहन सक्छन् र खुला रहनु पर्छ।

हामी स्वास्थ्य सल्लाहबाट निर्देशित हुनेछौं, र उनीहरूले दिएको सामाजिक दुरी राख्ने अनि हाम्रा कक्षाकोठा र खेल्ने ठाउँहरू सफा राक्ने निर्देशन पालना गर्ने छौं। हाम्रा विद्यार्थी, कर्मचारी र स्कूल समुदायको सुरक्षा र कल्याण प्राथमिकता हो र हामी उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने क्रम जारी राख्छौं।

हुन त कोविड-१९ सर्नबाट रोक्न मद्दत गर्नलाई धेरै मानिसहरू घरमै बसिरहेका छन्, हामी चांही केहि नगरि बस्ने छैनौं।

यस राज्यमा हाम्रा बच्चाहरू र युवाहरूको पढाई जारी राख्ने हाम्रो मुख्य उदेश्य रहेको छ। शिक्षकहरू, स-साना बच्चाहरुका शिक्षकहरू, प्रधान अध्यापकहरू र विभागका कर्मचारीहरू सँधै यस्तो अभूतपूर्व समयमा परिवार र स्याहारकर्ताहरुलाई सहयोग पुर्याउने नयाँ तरिकाहरु विकसित गर्दैछन्।

गत हप्ता हामीले बच्चाहरू र युवाहरू घरमा छँदा उनीहरूको शिक्षालाई जारी राख्न मद्दत गर्न सयौं शिक्षण स्रोतहरू भण्डारण गर्ने Our Learning SA (आवर लर्निंग एस.ए.) भन्ने वेबसाइट सुरू गरेका थियौं । यसमा उच्च गुणस्तरका एबीसी टिभी कार्यक्रमहरूका लिंकहरू समावेश गरिएका छन जसले विद्यार्थीको शिक्षालाई सहयोग गर्न सक्छ। यो बिकास हुने क्रम जारी रहन्छ, त्यसैले कृपया www.ourlearning.sa.edu.au हेर्दै गर्नुहोला।

हामीले वेबसाइटमा परिवारको साखामा परिवारहरुका लागि सल्लाह पनि सिर्जना गरेका छौं, जसमा विद्यार्थीहरू र परिवारका लागि भिडियोहरू र तथ्य जानकारी सहित निम्न कुरा सम्लग्न गरिएका पानाहरू राखिएका छन:

- पढ्ने वातावरण तयार गर्ने
- घरमा पढ्ने क्रममा खुशी र स्वस्थ रहने
- तपाईंको बच्चासँग घरमा पढ्ने
- अनलाईन पढाई गर्न तयार गर्ने
- कोविड-१९ को बारेमा आफ्नु बच्चासंग कुरा गर्ने

स्कूल र पूर्वस्कूलहरू दूर शिक्षा प्रणाली लागू गर्नका लागि बिभिन्न चरणमा छन्। थप रूपमा, हामीलाई थाहा छ कि हरेक बच्चाहरूको घरमा कम्प्यूटर वा इन्टरनेट हुँदैन।

यो हप्ता, विद्यार्थीहरुको चार दिनको छुट्टीको मौकामा, हाम्रा शिक्षकहरूले घरबाट हुने पढाईलाई अर्को तहमा लागिरहेका छन्।

हामी प्रत्येक शिक्षकको लागि नक्कल कक्षाकोठा उपलब्ध गर्दैछौं, र कम्प्युटर वा इन्टरनेट नभएका बच्चाहरूलाई कक्षामा जोडाउने तरिकाहरू खोजी गर्दैछौं। यो, आवश्यक पर्ने विद्यार्थीहरूका लागी शिक्षकहरूले तयार गरी रहेका कागजी स्रोतहरू सँगसँगै पढाईन्छ।

हाम्रा कर्मचारी र शिक्षकहरूले दोश्रो शैशिक सत्रको तयारीका लागि सहयोग गरिरहेको बारे हामी निरन्तर रुपमा प्रभावित भएका छौं । हामी सबै सँगै छौं।

यदि तपाईंलाई कुनै थप सहयोगको आवश्यक परेमा वा कुनै प्रश्न भएमा कृपया तपाईंको बच्चाको शिक्षकसँग कुरा गर्नुहोस्।

भवदीय,

माननीय जोन गार्डनर MP

शिक्षा मन्त्री

७ अप्रेल २०२०

रिक पर्से

मुख्य कार्यकारी

७ अप्रेल २०२०